सम्बत् २०७५ साल कार्तिक २९ गते बिहीबारका दिन ११.३० बजे प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य ब्यहोरा देहायबमोजिम रहेको छ –

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -गण्डकी प्रदेशका माननीय उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्साललाई थाइल्याण्ड भ्रमणमा जान स्वीकृति दिने विषयको प्रस्ताव फिर्ता गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- कर्णाली प्रदेशका प्रमुख सचिव रामप्रसाद थपलियाको चीन भ्रमण स्वीकृत गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा Action Room को निर्माण गर्ने, प्रदेश सदरमुकामहरुमा भिडियो कन्फरेन्सिङ्ग जडान गर्ने तथा राष्ट्रिय गौरवका विकास आयोजनाहरुको आवश्यकता अनुसार Real Time अनलाइन अनुगमन प्रणाली (Surveillance System) जडान गर्ने सम्बन्धी खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ बमोजिम रु. ६(छ) करोडमा नबढ्ने गरी द्रुत प्रक्रिया (Fast Track) अवलम्वन गरी सोझै वार्ताद्वारा गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई स्वीकृति दिने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- राष्ट्रीय सतर्कता केन्द्रका सचिव विष्णु ओम वादेको चीन भ्रमण स्वीकृत गर्ने ।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- माननीय महान्यायाधिवक्ता अग्निप्रसाद खरेलको भारत भ्रमण स्वीकृति गर्ने ।

६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- लोक सेवा आयोगका सचिव महेन्द्रप्रसाद गुरागाईको चीन भ्रमण स्वीकृत गर्ने ।

७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- भोकमरी तथा कुपोषणको द्रूततर अन्त्य विषयक कार्यक्रममा राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. दिलबहादुर गुरुङ्ग सहभागी हुने विषयको प्रस्ताव फिर्ता गर्ने ।

८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- Making National statistical System fit for the New Data Ecosystem: What needs to be done? विषयक कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य सचिव श्री लक्ष्मण अर्याल सहभागी हुने विषयको प्रस्ताव फिर्ता गर्ने ।

९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- दिगो निलो अर्थतन्त्र विषयक उच्चस्तरीय सम्मेलन कार्यक्रममा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा. डा. पुष्पराज कंडेललाई स्वीकृति प्रदान गर्ने ।

१०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - चौथो चीन सार्वजनिक-निजी साझेदारी वित्तीय लगानी फोरममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य ई. सुशिल भट्ट लाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

११. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीको १५ दिन सम्मको विदा स्वीकृत गर्ने अधिकार नेपाल सरकारका मुख्य सचिवलाई प्रत्यायोजन गर्ने ।

१२. अर्थ मन्त्रालय- नेपाल भारत एकिकृत भन्सार जाँच चौकी, वीरगञ्जको जग्गा मुआब्जा विवाद समाधान विषयको को प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

१३. अर्थ मन्त्रालय- सुराकी पुरस्कार बापतको रकम विषयको प्रस्ताव सुराकी र प्रतिवेदक पुरस्कार रकम भुक्तानी विषयमा मन्त्रालयले छानविन गरी पेश गर्न फिर्ता गर्ने ।

१४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय-नेपालमा विद्युतीय व्यापार (E-Commerce) को राष्ट्रिय रणनीति तयार गर्न अन्तर मन्त्रालय/निकाय समित गठन गर्ने ।

१५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

१६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- व्यापार नीति समीक्षामा सहभागिताका लागि उद्योग, वाणिज्य तथा आपूति मन्त्रालय (वाणिज्य तथा आपूर्ति तर्फ) का सचिव श्री चन्द्रकुमार घिमिरेको नेतृत्वमा ५ सदस्यीय प्रतिनिधिमण्डल गठन गर्ने ।

१७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- साविकको घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रको लागि बजेट विनियोजन हुँदा प्रदेश नं. ३ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत LMBIS मा प्रविष्ट भएको विनियोजित बजेट रकम तथा कार्यक्रम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग अन्तर्गतको राष्ट्रिय लघु, घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रमा सार्ने । ।

१८. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय- जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव श्री देवेन्द्र कार्कीको घर बिदा स्वीकृत गर्ने ।

१९. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय- Convention on Biological Diversity (Cop14) मा सचिवको सहभागिता विषयको प्रस्ताव फिर्ता गर्ने ।

२०. गृह मन्त्रालय- 7th Annual Freedom Online Conference मा सहभागी हुने विषयको प्रस्ताव फिर्ता गर्ने ।

२१. गृह मन्त्रालय- संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिबाट अवकाश प्राप्त प्रधान सेनापती श्री राजेन्द्र क्षत्रीलाई प्रदान गरिएको The Legion of Merit (Degree of Commander) र म.से.श्री हिमांशु खड्कालाई प्रदान गरिएको The Legion of Merit (Degree of Officer) विभूषण ग्रहण गर्न स्वीकृति दिने ।

२२. गृह मन्त्रालय– जुरे पहिरो पीडितहरुलाई राहत उपलब्ध गराउन नेपाल बैक लि. चौतारा शाखा मा संकलित रकम भूकम्प प्रभावितको लाभग्राही सूचीमा परि सेवासुविधा लिएकाहरुलाई पहिरो पीडितको राहत सहायता नपाउने गरी मापदण्ड तयार गरी वितरण गर्ने प्रयोजनका लागि फुकुवा गर्ने ।साथै भूकम्प पीडितले पाएको राहत रकम र पहिरो पीडितलाई उपलब्ध गराउने रकम समान हुने गरी राहत वितरण गर्ने ।

२३. गृह मन्त्रालय -गण्डकी प्रदेशका सभामुख माननीय नेत्र नाथ अधिकारीको उपचार गराउँदाको खर्च रकम आर्थिक सहायता उपलव्ध गराउने । सो बापतको जम्मा रकम रु. ७,१९,७४९।– (अक्षरेपी सात लाख उनाइस हजार सातसय उनान्चास रुपैयाँ) अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई निकासा दिने।

२४. गृह मन्त्रालय- काठमाण्डौ जिल्ला साबिक जोरपाटी गाबिस नारायणटार बस्ने अरुण सुनुवारको नजिकका हकदार बावु तारा वहादुर सुनुवारलाई राहत स्वरुप . १,००,०००/- (अक्षरेपी एक लाख)आर्थिक सहायता उपलब्ध गराउने ।

२५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय- चीनमा आयोजना हुने United Nation Global Geospatial Information Congress (UNWGIC) विषयक विश्व सम्मेलनमा भाग लिन जान भूमि

व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका माननीय मन्त्री पद् माकुमारी अर्याललाई स्वीकृति प्रदान गर्ने ।

२६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय- भू-उपयोगको विषयको व्यवस्था गर्न बनेको विधेयक, २०७५ मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- पुराना ट्याक्सीको सट्टामा नयाँ ट्याक्सी नं दिने हालको व्यवस्था खारेज गर्ने विषयको प्रस्ताव, २० वर्ष पुराना ट्याक्सीहरूको स्क्राप (पत्रु) सम्बन्धी मापदण्ड यथाशीघ्र तयार गरी पेश गर्न फिर्ता गर्ने ।

२८. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय–

(क) विकास समिति ऐन, २०१३ को दफा ३ बमोजिम गठन भएको अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समितिलाई खारेज गर्ने ।

(ख) मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा १९३ बमोजिम विदेशीलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्ने अनुमति दिन सिफारिस गर्ने केन्द्रीय निकायको रूपमा कार्य गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई तोक्ने ।

२९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय- जेष्ठ नागरिक सम्वन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

३०. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय- समाज कल्याण परिषद्सम्बन्धी जाँचबुझ आयोगको कार्यावधि १ (एक) महिना थप गर्ने ।

३१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - सम्बत् २०७५ साल मसिर ९ (तदनुसार नोभेम्बर २५, २०१८) गते सामाजिक सचेतना सहित लैंगिक हिंसा बिरुद्धको अभियान सञ्चालन गर्न संघीय सरकारका मन्त्रालय तथा निकायहरू, सात वटै प्रदेश सरकार, ७७ वटै जिल्ला समन्वय समिति, सातसय त्रिपन्न स्थानीय तह एवं यसका वडाहरु, सरोकारवाला निकाय, विद्यालय तथा सामाजिक संघ संस्थाहरुलाई आव्हान गर्ने । प्रत्येक वर्ष नोभेम्बर महिनाको २५ तारिखलाई महिला हिंसा विरूद्धको अभियान दिवसको रूपमा मनाउने ।

३२. युवा तथा खेलकुद मन्त्रालय- राष्ट्रिय खेलकुद परिषद्का सदस्य श्री फत्तबहादुर गुरुङ्गलाई सदस्य पदबाट हटाउने।

३३. रक्षा मन्त्रालय- कर्णेल कमाण्डाण्टको जिम्मेवारी पाएका नेपाली सेनाका अवकाश प्राप्त रथीवृन्दहरुले युनिटको वार्षिकोत्सव कार्यक्रममा दर्ज्यानी चिन्हमा पोशाकको दुबै कुममा "विशेष अधिकृत" लेखिएको ट्याग सहित दिउँसोको समयमा नं.२ पोशाक र रातको समयमा नं.६ पोशाक लगाउन स्वीकृति दिने।

३४. रक्षा मन्त्रालय- नेपाली सेनालाई International Military Sports Council (CISM) को सदस्यता लिन स्वीकृति प्रदान गर्ने ।

३५. वन तथा वातावरण मन्त्रालय- मिष्ट्री-दाना १३२ के.भी. प्रसारणलाईनको निर्माणको लागि सरकारी वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।

३६. वन तथा वातावरण मन्त्रालय- माथिल्लो बलेफी-ए जलविद्युत आयोजना (३६मे.वा.) निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।

३७. वन तथा वातावरण मन्त्रालय- लक्ष्मी माइनिङ प्रा.लि.लाई चुनढुंगा उत्खनन योजना सन्चालन गर्न चितवन जिल्ला कालिका नगरपालिका-१(साविक शक्तिखोर गा.बि.स.-३ सुपार) को टोपोसिट नं. २७८४÷०७ ए मा अवस्थित मूल चिन्हबाट निर्दिष्ट चारकिल्लाभित्र पर्ने ४ (चार) हेक्टर राष्ट्रिय वन

क्षेत्रको जग्गा बढीमा १५ वर्षसम्म प्रयोग गर्न दिने र तहाँ रहेका २२ वटा रुखविरुवाहरु हटाउन समेत स्वीकृति दिने ।

३८. वन तथा वातावरण मन्त्रालय-गमगढी-चखेली-दार्मा सडक (हुम्ला-मुगु लिंक रोड) निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

३९. वन तथा वातावरण मन्त्रालय- भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनालाई थप वन क्षेत्र प्रयोग गर्न दिने ।

४०. वन तथा वातावरण मन्त्रालय-राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. कृष्णप्रसाद ओली र वन तथा वातावरण मन्त्रालयका सचिव डा. विश्वनाथ ओली सहित २ सदस्यीय प्रतिनिधि मण्डलबाट Egypt मा हुने कार्यक्रममा सहभागिता विषयको प्रस्ताव फिर्ता गर्ने ।

४१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- अष्ट्रियाको भियनामा हुने IAEA Ministerial Conference on Nuclear Science and Technology : Addressing Current and Emerging Development Challenges मा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेल लाई सहभागी हुन स्वीकृति दिने ।

४२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- युनेस्को दिल्ली अफिस र भुटान सरकारको संयुक्त आयोजनामा भुटानको थिम्पुमा हुने Regional Capacity Development Workshop on Preservation of Documentary Heritage for Disaster Risk Reduction and Management विषयक कार्यक्रममा भाग लिने विषयको प्रस्ताव फिर्ता गर्ने ।

४३. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय- मोरक्कोको माराकेशमा हुने अन्तर सरकारी सम्मेलनमा सहभागी हुन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवको नेतृत्वमा प्रतिनिधि मण्डल गठन गर्ने ।

४४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- एउटै नाम भएका गाउँपालिका तथा नगरपालिकाको नाम परिवर्तन गर्न सम्बन्धित प्रदेश मार्फत सुझाव पठाउने ।

४५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- राष्ट्रिय सूचना आयोगमा कार्यरत उपसचिवद्वय लक्ष्मी जोशी र अच्युतकुमार पौडयाल लाई राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बढुवा गरी राजीनामा स्वीकृत गर्ने।

४६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय- माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीको रिक्त सञ्चार विज्ञ पदमा शिवसताक्षी नगरपालिका वडा नं. ६ झापाका श्री सुजित मैनालीलाई नियुक्त गर्ने ।

४७. सहरी विकास मन्त्रालय- प्रदेशमा हस्तान्तरण भएको क्षेत्रीय शहरी विकास आयोजनाको बजेट संघीय सरकारबाट कार्यान्वयन गर्ने ।

४८. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

४९. विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष पदमा शिक्षाविद् प्रा. डा. भीमप्रसाद सुवेदी, इलामलाई मनोनीत गर्ने ।

द्रष्टव्य : निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।